नेपाल राष्ट्र बैंक सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग) निवारणसम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०८३

नेपाल राष्ट्र बैंक
सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा
२०८३

नेपाल राष्ट्र बैंक सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग) निवारणसम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०८३

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. बमोजिमको व्यवस्था कार्यान्वयन गर्नका लागि नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त, अनुमतिपत्र प्राप्त वा स्वीकृति प्राप्त राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र रहेका सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्न तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ को उप-दफा (१) को खण्ड (ख) को उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२), विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियम बनाएको छ।

परिच्छेद - १
प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस विनियमावलीको नाम **"नेपाल राष्ट्र बैंक सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग) निवारणसम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०८३"** रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) **"आदेश वा निर्देशन"** भन्नाले ऐन वा प्रचलित कानून बमोजिम राष्ट्र बैंकले समय-समयमा दिएको आदेश वा निर्देशन सम्झनु पर्दछ।

(ख) **"ऐन"** भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्दछ।

(ग) **"कार्यविधि"** भन्नाले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी विषयको निरीक्षण तथा सुपरिवेक्षणको कार्य तोकिएको कार्यक्षेत्र तथा कार्य विवरणको अधिनमा रही राष्ट्र बैंकले तयार गरेको छुट्टै *toolkit* वा *manual* लगायतका कार्यविधि सम्झनु पर्दछ।

(घ) **"कार्ययोजना"** भन्नाले सम्बन्धित महाशाखाको आगामी आर्थिक वर्षमा सम्पादन गर्ने कार्यको समयावधि सहितको योजना सम्झनु पर्दछ।

(ङ) **"गभर्नर"** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्दछ।

(च) **"जोखिम विवरण (रिस्क प्रोफाईल)"** भन्नाले सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गरी तयार गरिने सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार

निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी अन्तरनिहित जोखिम तथा तिनको व्यवस्थापनको गुणस्तरसम्बन्धी विवरण सम्झनु पर्दछ ।

(छ) **"डेपुटी गभर्नर"** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १६ बमोजिम नियुक्त राष्ट्र बैंकको डेपुटी गभर्नर सम्झनु पर्दछ ।

(ज) **"निरीक्षक"** भन्नाले सूचक संस्थाको स्थलगत निरीक्षण गर्नको लागि महाशाखाबाट खटाइएको निरीक्षण टोलीको सदस्य सम्झनु पर्दछ र सो शब्दले राष्ट्र बैंकले सोही कार्यको लागि खटाएका विशेषज्ञ व्यक्ति तथा संस्था समेतलाई जनाउँदछ ।

(झ) **"प्रतिवेदन कार्यान्वयन समिति"** भन्नाले यस विनियमावलीको विनियम २१ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) **"भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्था"** भन्नाले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम यस बैंकबाट भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकको रुपमा कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्था सम्झनु पर्दछ ।

(ट) **"महाशाखा"** भन्नाले सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा सम्झनु पर्दछ ।

(ठ) **"महाशाखा प्रमुख"** भन्नाले सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाको प्रमुख सम्झनु पर्दछ ।

(ड) **"विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था"** भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम यस बैंकबाट विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्दछ ।

(ढ) **"विप्रेषणको कारोबार गर्ने संस्था"** भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम यस बैंकबाट विप्रेषण सम्बन्धी कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्दछ ।

(ण) **"राष्ट्र बैंक"** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्दछ ।

(त) **"सूचक संस्था"** भन्नाले यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग', र 'घ' वर्गका बैंक तथा वित्तीय संस्था, पूर्वाधार विकास बैंक, विदेशी विनिमय कारोबार गर्न अनुमतिपत्र प्राप्त विप्रेषणको कारोबार गर्ने संस्था, मुद्रा सटहीकर्ता, भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्था, हायर पर्चेज कर्जा प्रवाह गर्ने संस्था, सहकारी बैंक लिमिटेड तथा हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड र यस बैंकबाट इजाजतपत्रप्राप्त, स्वीकृति वा अनुमतिपत्र प्राप्त अन्य संस्था तथा ऐनको दफा ७न. को उप-दफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले सुपरिवेक्षण गर्ने भनी तोकिएका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष लगायत राष्ट्र बैंकको क्षेत्राधिकारभित्र रहेका सूचक संस्था सम्झनु पर्दछ ।

(थ) **"सुपरिवेक्षक"** भन्नाले महाशाखाका कर्मचारी सम्झनु पर्दछ ।

(द) **"सुपरिवेक्षकीय सूचना प्रणाली" (Supervisory Information System-SIS)** भन्नाले सूचक संस्थाले राष्ट्र बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क वा विवरण पेश गर्ने, सो तथ्याङ्कको विश्लेषण गर्ने तथा राष्ट्र बैंकले सूचक संस्थाको स्थलगत निरीक्षण गरी सम्बन्धित सूचक संस्थामा प्रतिवेदन कार्यान्वयनको लागि पठाउने लगायतका कार्य गर्ने गरी सञ्चालनमा ल्याइएको सूचना प्रणालीलाई सम्झनु पर्दछ ।

(ध) **"समिति"** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंकको सञ्चालक समिति सम्झनु पर्दछ ।

(न) **"सहकारी बैंक"** भन्नाले सहकारी ऐन, २०७४ बमोजिम गठन भई यस बैंकबाट सिमित बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त राष्ट्रिय सहकारी बैंक लिमिटेड लगायतका संस्था सम्झनु पर्दछ ।

(प) **"हायर पर्चेज कर्जा प्रवाह गर्ने कम्पनी"** भन्नाले यस बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न स्वीकृतिप्राप्त हायर पर्चेज कर्जा प्रवाह गर्ने कम्पनी सम्झनु पर्दछ ।

परिच्छेद-२
निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

३. **निरीक्षण तथा सुपरिवेक्षणको उद्देश्यः** महाशाखाको कार्यक्षेत्रमा पर्ने सूचक संस्थामा गरिने निरीक्षण तथा सुपरिवेक्षणको उद्देश्य देहायबमोजिम हुनेछ :-

(१) सूचक संस्थाले प्रचलित कानूनबमोजिमका व्यवस्था, यस बैंकबाट सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित ऐन, कानून तथा जारी भएका परिपत्र, निर्देशन, आदेश, सूचना र बैंकबाट इजाजतपत्र वा अनुमतिपत्र प्रदान गर्दा तोकिएका शर्तको परिपालना गरे/नगरेको निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(२) महाशाखाबाट सूचक संस्थासँग माग गरिएका विवरण, कागजात, जानकारी लगायतका विवरणको आवश्यकताबमोजिम अध्ययन र विश्लेषण गर्ने,

(३) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी सूचक संस्थाको व्यवस्थापनले अपनाएका पद्धति एवं निगरानी, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन लगायतका पक्षको आवश्यकतानुसार निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(४) सूचक संस्थाहरुको जोखिम विवरण (रिस्क प्रोफाईल) लाई कार्यविधि, Toolkit र Manual को उपलब्धता र आवश्यकता अनुरुप तयार गर्ने तथा अद्यावधिक गर्ने ।

(५) सूचक संस्थाहरुको जोखिम विवरण (रिस्क प्रोफाईल) तथा महाशाखाको स्रोत-साधनको अधिकतम उपयोग हुने गरी सूचक संस्थाको जोखिममा आधारित (Risk Based) निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(६) सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणका लागि महाशाखाले आवश्यक ठानेका अन्य कार्य गर्ने ।

४. **वार्षिक कार्ययोजना:** (१) महाशाखाले आगामी आर्थिक वर्षको लागि सुपरिवेक्षण तथा निरीक्षण सम्बन्धी कार्ययोजना तयार गर्दा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमार्फत् सञ्चालक समितिबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ । तर विशेष निरीक्षण गर्नको लागि वार्षिक कार्ययोजना स्वीकृत गर्न आवश्यक पर्नेछैन ।

(२) महाशाखाले सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कार्ययोजना तयार गर्दा देहायका विषयलाई समेट्नु पर्नेछ:

(क) महाशाखाले उपत्यकाभित्र र आवश्यकतानुसार उपत्यकाबाहिर सम्पन्न गर्ने स्थलगत निरीक्षणको संख्या,

(ख) महाशाखाबाट सम्पादन गरिने कार्यशाला, गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण तथा तालिम कार्यक्रम,

(ग) महाशाखाबाट तयार गरिने आवधिक प्रतिवेदन,

(घ) महाशाखाले आवश्यकतानुसार गर्ने नीति तर्जुमा, नीति संशोधन, अध्ययन तथा विशेष कार्यक्रम,

(ङ) महाशाखाले आवश्यक देखेका अन्य विषय ।

(३) महाशाखाले कार्ययोजना अनुरूप कार्य सम्पादन भए/नभएको सम्बन्धमा त्रैमासिक समीक्षा गरी बैंकको संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(४) उप-विनियम (१) बमोजिमको स्वीकृत कार्ययोजनालाई महाशाखाले कार्यान्वयनका लागि सम्बन्धित इकाईमा सूचित गर्नुपर्नेछ ।

५. **निरीक्षण तथा सुपरिवेक्षणका प्रकार**: महाशाखाले सूचक संस्थाको स्थलगत निरीक्षण देहायबमोजिम गर्नेछ :-

(१) नियमित स्थलगत निरीक्षण: महाशाखाले सूचक संस्थाको प्रकृति र कारोबारको अवस्थाको आधारमा निरीक्षण टोली खटाई सूचक संस्थाको सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी जारी परिपत्र, निर्देशन र आदेश तथा इजाजतपत्र प्रदान गर्दा तोकिएको शर्तहरुको कार्यान्वयन स्थितिको नियमित रुपमा निरीक्षण गर्नेछ । साथै, यस्तो निरीक्षण आवश्यकताको आधारमा सूचक संस्थाको सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणमा संस्थागत सुशासन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सूचना प्रविधि लगायतका क्षेत्र समेटिने गरी समष्टिगत रुपमा समेत गर्न सक्नेछ ।

(२) **विशेष निरीक्षण:** विभिन्न निकायको अनुरोध वा गैर-स्थलगत सुपरिवेक्षण एवम् अन्य स्रोतबाट प्राप्त जानकारी समेतको आधारमा कुनै सूचक संस्थाले ग्राहक पहिचान पद्धतिमा गम्भीर त्रुटी गरेको, ऐन तथा निर्देशनबमोजिमको काम कारवाही पर्याप्त रुपमा नगरेको, अनियमितता वा गैरकानुनी कारोबार गरिरहेको, आवधिकरुपमा पेश गरेका विवरणमा गम्भीर प्रकृतिका कैफियत देखा परेको लगायतका विषय महाशाखाले महसुस गरेमा निरीक्षक खटाई सूचक संस्थाको विशेष निरीक्षण गर्न सक्नेछ । यसरी सुपरिवेक्षण गर्दा कुनै विशेष क्षेत्र वा कारोबार समेटिने गरी लक्षित निरीक्षण समेत गर्न सक्नेछ । यस्तो निरीक्षण आकस्मिकरुपमा समेत गर्न सक्नेछ ।

(३) **अनुगमन निरीक्षण:** स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औँल्याइएका कैफियत सुधार गर्न दिइएका निर्देशनको कार्यान्वयन सम्बन्धमा सूचक संस्थाले पेश गरेको कागजात वा विवरणका आधारमा महाशाखा विश्वस्त हुन चाहेमा वा महाशाखाले अनुगमन निरीक्षण गर्न आवश्यक ठानेमा सूचक संस्थामा गई अनुगमन निरीक्षण गर्न सक्नेछ ।

(४) **गैर-स्थलगत निरीक्षण:** महाशाखाले सूचक संस्थाबाट नियमित रुपमा प्राप्त गर्ने वा आवश्यकतानुसार माग गरेको तथ्याङ्क, सूचना, विवरण र जानकारीको आधारमा गैर-स्थलगत सुपरिवेक्षणको कार्य सम्पादन गर्न सक्नेछ ।

(५) **विषयगत (Thematic) निरीक्षण:** महाशाखाले विशिष्टिकृत विषयमा क्षेत्रगत तवरले विषयगत सुपरिवेक्षण गर्न सक्नेछ ।

६. **निरीक्षण तथा सुपरिवेक्षणको संरचना:** (१) महाशाखाले सम्पादन गर्ने सबै प्रकारका निरीक्षण तथा सुपरिवेक्षण कार्य समेट्ने गरी महाशाखाभित्र देहायबमोजिमका इकाई गठन गर्न सक्नेछ र महाशाखाले यस्ता इकाईलाई आवश्यकतानुसार छुट्टै वा संयुक्तरूपमा समेत कायम गरी कार्य गर्न/गराउन सक्नेछ :-

(क) स्थलगत निरीक्षण इकाई,

(ख) गैर-स्थलगत सुपरिवेक्षण इकाई,

(ग) आन्तरिक प्रशासन तथा नीति योजना इकाई र

(घ) अनुपालना तथा कार्यान्वयन इकाई ।

(२) उप-विनियम (१) बमोजिम गठन भएका इकाईको कार्य देहायबमोजिम हुनेछ ।

(क) स्थलगत निरीक्षण इकाईको कार्य: (अ) वार्षिक कार्ययोजना अनुसार सूचक संस्थाको नियमित स्थलगत निरीक्षण तथा आवश्यकतानुसार विशेष वा अनुगमन निरीक्षण गर्ने सम्बन्धमा महाशाखाका अन्य इकाईसँग समन्वय गरी उल्लिखित निरीक्षण सम्पन्न गर्ने ।

(आ) विभिन्न निरीक्षण प्रतिवेदन तथा उक्त प्रतिवेदन स्वीकृत गरिएको टिप्पणीको आधारमा दिइएका निर्देशनबमोजिम सम्बन्धित सूचक संस्थालाई पत्राचार गर्ने र

उक्त कागजातको विद्युतीय अभिलेख समेत राख्ने । साथै, उक्त कागजातको सक्कल प्रतिसहितको प्रतिवेदन फाइल आन्तरिक प्रशासन तथा नीति योजना इकाईमार्फत् अनुपालना तथा कार्यान्वयन इकाईमा पठाई त्यसको अभिलेखीकरण गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षण इकाईको कार्यः (अ) सूचक संस्थाबाट नियमितरूपमा प्राप्त तथा माग गरिएको सूचना तथा विवरणको आधारमा आवश्यकतानुसार समीक्षा तथा विश्लेषण गरी गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गर्ने ।

(आ) सूचक संस्थाबाट हुने रिपोर्टिङ्गलाई आवश्यकतानुसार सहजीकरण गर्ने एवम् रिपोर्टिङ्गको अवस्थाको बारेमा सम्बन्धित विभाग तथा निकायलाई जानकारी उपलब्ध गराउने ।

(इ) विभिन्न निकायबाट माग भई आउने विवरणहरु सम्बन्धित इकाईबाट संकलन गरी सूचना अधिकृतसँग समन्वय गरी प्रचलित कानून बमोजिम उक्त निकायलाई आवश्यकतानुसार उपलब्ध गराउने ।

(ग) आन्तरिक प्रशासन तथा नीति योजनाको कार्यः (अ) महाशाखाले कर्मचारीको आन्तरिक सरुवा, विदा, हाजिरीसम्बन्धी अभिलेख, भ्रमण व्यवस्थासम्बन्धी कार्य, वार्षिक कार्ययोजना बमोजिमका कार्यशाला, गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण तथा तालिम कार्यक्रमको आयोजना, निरीक्षण कार्यको व्यवस्थापन र कार्यालय व्यवस्थापनसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(आ) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कार्ययोजना तर्जुमा गर्ने, विभिन्न विभागबाट राय एवम् सुझाव माग गरिएका विषयवस्तुमा महाशाखाको रायको मस्यौदा तयार गर्ने तथा महाशाखा प्रमुखले तोकेका निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित अन्य कार्य समेत गर्ने ।

(इ) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित ऐन, विनियमावली, कार्यविधि, निर्देशन, परिपत्र तथा कार्ययोजनाबमोजिम महाशाखाबाट भए/गरेका कार्यहरुको आवश्यकतानुसार समीक्षा गरी सम्बन्धित विभागमा पृष्ठपोषण प्रदान गर्ने ।

(ई) महाशाखाले वार्षिक रुपमा सम्पन्न गरेका काम कारवाही सम्मिलित वार्षिक प्रतिवेदन स्वीकृत गराउने तथा महाशाखाको वेबसाइट अद्यावधिक गर्ने ।

(घ) अनुपालना तथा कार्यान्वयन इकाईको कार्यः स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनको आधारमा सूचक संस्थालाई दिइएका निर्देशनको पालना भए/नभएको अनुगमन गर्ने तथा पालना नभएको अवस्थामा थप निर्देशन दिने र आवश्यकता बमोजिम कारवाहीको प्रक्रिया अघि बढाउने ।

(३) उप-विनियम (१) बमोजिम गठन गरिएका इकाईमा कर्मचारीको आन्तरिक व्यवस्थापन गर्ने कार्य महाशाखा प्रमुखको हुनेछ ।

(४) महाशाखा प्रमुखले उप-विनियम (१) बमोजिम गठित इकाईबीच समन्वय कायम गराई आवश्यकता अनुसार कार्य सम्पादन गराउनु पर्नेछ ।

(५) महाशाखाको काम सिक्ने र कार्य सम्पादन गर्न सक्ने वातावरण तयार गर्न महाशाखा प्रमुखले आवश्यकतानुसार आन्तरिक सरूवा गर्न सक्नेछ ।

(६) निरीक्षण तथा सुपरिवेक्षण कार्यको लागि कर्मचारी साथै स्रोत र साधनको व्यवस्थापन महाशाखा प्रमुखले जोखिमका आधारमा गर्नेछ ।

परिच्छेद-३
स्थलगत निरीक्षण सम्बन्धी व्यवस्था

७. **स्थलगत निरीक्षण:** (१) सूचक संस्थाको स्थलगत निरीक्षण गर्दा वार्षिक कार्ययोजनाबमोजिम गर्नुपर्नेछ । तर, महाशाखाले जोखिमका आधारमा वार्षिक कार्ययोजना बाहेकका थप स्थलगत निरीक्षण गर्न बाधा पुग्ने छैन ।

(२) सूचक संस्थाको स्थलगत निरीक्षणको प्रक्रिया, क्षेत्र लगायतका विषय कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

८. **स्थलगत निरीक्षण गर्नुअघि पूर्वतयारी गर्नुपर्ने:** (१) सूचक संस्थाको स्थलगत निरीक्षणको कार्य सम्पादनको लागि विनियम १० बमोजिम टोली गठन गर्नुपर्नेछ ।

(२) सूचक संस्थाको कार्य प्रकृति हेरी महाशाखाले निरीक्षणको लागि आवश्यक पर्ने कागजातको सूची तथा अन्य प्रबन्धसमेतको पूर्वतयारीको लागि सम्बन्धित संस्थालाई समय प्रदान गर्न सक्नेछ । यस सम्बन्धी अन्य विषय कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(३) महाशाखाले सूचक संस्थासँग सम्बन्धित सुपरिवेक्षण विभागलाई स्थलगत निरीक्षण सम्बन्धी जानकारी दिनुपर्नेछ ।

(४) स्थलगत निरीक्षणको अवधि महाशाखा प्रमुखबाट स्वीकृत Scope of Memorandum मा उल्लेख भएबमोजिमको हुनेछ ।

९. **स्थलगत निरीक्षणको कार्यक्षेत्रको छनौट:** (१) स्थलगत निरीक्षणको क्रममा सम्बन्धित सूचक संस्थाको निरीक्षण गर्नुपर्ने कार्यालय, शाखा वा अन्य कार्यस्थलको छनौटसम्बन्धी कार्य निरीक्षण टोलीले गर्नेछ ।

(२) महाशाखाबाट खटिएको टोलीले उपत्यकाबाहिरको कार्यस्थल र सूचक संस्थाको मुख्य कार्यालय रहेको स्थानभन्दा बाहिरको कार्यस्थलमा निरीक्षण गर्नु परेमा महाशाखा प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

१०. **निरीक्षण टोली:** (१) सूचक संस्थाको स्थलगत निरीक्षण गर्न महाशाखाले एक जना उप-निर्देशक वा सहायक निर्देशक टोली प्रमुख रहने गरी महाशाखाको जुनसुकै इकाईमा रहेका कर्मचारी सम्मिलित निरीक्षण टोली खटाउन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको निरीक्षण टोलीमा सम्बन्धित सूचक संस्थाको कारोबार वा कार्यक्षेत्र हेरी आवश्यकतानुसारको संख्यामा निरीक्षक रहन सक्नेछन् । उक्त टोलीमा आवश्यकतानुसार अन्य विभाग, महाशाखा, इकाई वा कार्यालयका प्रतिनिधि समेत सदस्यको रूपमा रहन सक्नेछन् ।

(३) निरीक्षकको कार्य विभाजन गर्ने उत्तरदायित्व निरीक्षण टोली प्रमुखको हुनेछ ।

(४) निरीक्षणको सिलसिलामा निरीक्षकले प्राप्त गरेका तथ्य, विवरण, कैफियत र अन्य सम्बन्धित विषयको आवश्यकतानुसार अभिलेख राख्नुपर्नेछ ।

(५) निरीक्षणका क्रममा देखिएका कैफियतका सम्बन्धमा निरीक्षण टोलीले सूचक संस्थाको सञ्चालक समिति वा उच्च व्यवस्थापनसँग सोधपुछ तथा छलफल गर्न सक्नेछ । यस्तो छलफल निरीक्षण शुरु हुनुअघि वा निरीक्षण समाप्त भएपश्चात् समेत गर्न सकिनेछ ।

(६) निरीक्षणको अवधिमा सूचक संस्थालाई तत्कालै कुनै निर्देशन दिनुपर्ने भएमा टोली प्रमुखले महाशाखा प्रमुखलाई अग्रीम जानकारी दिई लिखित निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको गाम्भीर्यता हेरी महाशाखा प्रमुखले सम्बन्धित सुपरिवेक्षण विभागको कार्यकारी निर्देशक, डेपुटी गभर्नर र गभर्नरलाई जानकारी दिनु पर्नेछ ।

(७) यस विनियम बमोजिम खटाइएको निरीक्षकले गर्ने कार्यको अनुगमन तथा मार्गदर्शनका लागि महाशाखा प्रमुख आफैँले वा निजले तोकेको उप-निर्देशकलाई खटाउन सक्नेछ ।

परिच्छेद-४
गैर-स्थलगत सुपरिवेक्षणसम्बन्धी व्यवस्था

११. **गैर-स्थलगत सुपरिवेक्षण:** (१) सूचक संस्थाको गैर-स्थलगत सुपरिवेक्षण कार्य महाशाखामा रहेको गैर-स्थलगत सुपरिवेक्षण इकाईले आवश्यकता बमोजिम अन्य इकाईसँगको समन्वयमा गर्नेछ ।

(२) महाशाखाले आवश्यकता बमोजिम गैर-स्थलगत सुपरिवेक्षण इकाईभित्र डेस्क गठन गर्न सक्नेछ ।

(३) उप-विनियम (१) बमोजिमको कार्य गर्दा निरीक्षण तथा सुपरिवेक्षण कार्यविधिमा तोकिए बमोजिम गर्नुपर्नेछ । उक्त कार्यविधि तयार भई नसकेको अवस्थामा महाशाखाले तोकेको प्रक्रिया बमोजिम हुनेछ ।

१२. **गैर-स्थलगत सुपरिवेक्षण प्रक्रिया:** (१) महाशाखाले सूचक संस्थाको गैर-स्थलगत सुपरिवेक्षण गर्दा देहायबमोजिमका सबै वा कुनै प्रक्रिया अवलम्बन गर्न सक्नेछ :-

(क) सूचक संस्थाबाट आवधिकरूपमा प्राप्त हुनुपर्ने विवरण तथा अन्य आवश्यक विवरण सङ्कलन गर्ने,

(ख) आवश्यकता बमोजिम सूचक संस्थाको पदाधिकारीसँग छलफल तथा अन्तरक्रिया गर्ने,

(ग) निर्देशन पालनाको अवस्था, महाशाखामा प्राप्त जानकारी, उजुरी लगायत अन्य विषयका सम्बन्धमा आवश्यकतानुसार विवरण, सूचना वा जानकारी लिने ।

(२) सूचक संस्थाले नियमितरुपमा महाशाखामा पेश गर्नुपर्ने कारोबार लगायतका अन्य विवरण बैंकले व्यवस्था गरेको विभिन्न अनलाईन प्रणालीमार्फत् प्राप्त गर्न सक्नेछ । बैंकले सम्बन्धित सूचक संस्था र महाशाखाका कर्मचारीलाई यस्ता प्रणालीमा आवश्यक पहुँचको व्यवस्था गर्नेछ ।

परिच्छेद - ५

निरीक्षक तथा सुपरिवेक्षकको आचारसंहिता, कर्तव्य, उत्तरदायित्व एवम् सुरक्षासम्बन्धी व्यवस्था

१३. <u>निरीक्षक तथा सुपरिवेक्षकको आचारसंहिताः</u> (१) निरीक्षण तथा सुपरिवेक्षणको कार्यमा संलग्न निरीक्षक वा सुपरिवेक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :-

(क) उच्च निष्ठा तथा मनोबलका साथ स्वतन्त्ररूपमा आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ । प्रचलित ऐन, कानून, आदेश, निर्देशन, परिपत्रको पालना गराउने सन्दर्भमा निरीक्षक वा सुपरिवेक्षक दृढ हुनुपर्नेछ ।

(ख) निरीक्षण गरिने सूचक संस्थाको पदाधिकारीसँग व्यावसायिक तथा शिष्ट व्यवहार गर्नुपर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण गरिएका सूचक संस्थाका ग्राहक, ऋणी, सब-एजेण्ट वा अन्य सम्बन्धित पक्षसँग सम्पर्क गर्दा आवश्यकतानुसार संस्थाको पदाधिकारी वा कर्मचारीको उपस्थितिमा गर्नुपर्नेछ ।

(ग) स्वयम् वा निजको एकाघर परिवारको सदस्यको सूचक संस्थामा आफ्नो संस्थापक शेयर वा एक प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गरेको भए वा सो संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा उच्च पदाधिकारी आफ्नो एकाघर परिवार वा व्यवसायको साझेदार रहेको भए सोको जानकारी निरीक्षण शुरु हुनु अगावै महाशाखा प्रमुखलाई लिखित रुपमा अनुसूची-१ मा तोकिएबमोजिम पेश गर्नुपर्नेछ ।

(घ) उच्च नैतिक चरित्र कायम गर्दै लक्ष्योन्मुख रही व्यक्तिगत हित संलग्न हुने सबै प्रकारका अवस्थाबाट टाढा रहनु पर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण गरिने सूचक संस्थाद्वारा आयोजित सार्वजनिक कार्यक्रम बाहेकका स्वार्थ बाझिने पार्टी, भोज लगायतका कार्यक्रममा सरिक हुनु हुँदैन ।

(ङ) निरीक्षणको सिलसिलामा उपलब्ध सूचना तथा विवरण सम्बन्धित पदाधिकारी र अख्तियारप्राप्त संस्थाबाहेक अन्यत्र प्रवाह गर्नु हुँदैन ।

(च) डर, त्रास, धाक, धम्की, लोभ, लालच, प्रतिशोध, आस्था, मोलाहिजा आदिमा नपरी स्वतन्त्र र निर्भीकरूपले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

(छ) निजी काम तथा स्वार्थको लागि सूचक संस्थाको सवारी साधन/सम्पत्ति प्रयोग गर्न, सूचक संस्थाले प्रदान गर्ने सेवामा व्यक्तिगत लाभ हुने गरी सुविधा माग गर्न र कुनै पनि प्रकारका लाभ वा उपहार लिनु हुँदैन ।

(२) उप-विनियम (१) बमोजिमका आचारसंहिताको पालना गर्नु सम्बन्धित निरीक्षक तथा सुपरिवेक्षकको कर्तव्य हुनेछ । आचारसंहिता पालना नभएमा सम्बन्धित निरीक्षक वा सुपरिवेक्षकलाई बैंकको कर्मचारी सेवा विनियमावलीबमोजिम विभागीय कारवाही हुनेछ ।

१४. **निरीक्षक तथा सुपरिवेक्षकको कर्तव्य तथा उत्तरदायित्वः** (१) निरीक्षण तथा सुपरिवेक्षण कार्य प्रचलित ऐन, कानून, परिपत्र, निर्देशन, आदेशको अधीनमा रही गर्नुपर्नेछ ।

(२) यस विनियमावली बमोजिम सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कार्य निर्धारित समयभित्र सम्पादन गरी महाशाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) निरीक्षण गर्ने सूचक संस्थाको नियमित कामकारवाहीमा यथाशक्य बाधा नपर्ने गरी कार्य सम्पादन गर्नुपर्नेछ ।

(४) सम्बन्धित कानून, निर्देशन, परिपत्र, आदेशमा रहेका प्रावधानहरुको जानकारी राख्नु पर्नेछ ।

(५) उजुरी परेका विषयका सम्बन्धमा निरीक्षण गर्दा विवेक पुऱ्याएर कुशलताका साथ कार्य सम्पादन गर्नुपर्नेछ तथा सरोकारवाला पक्षलाई आवश्यकता बमोजिम सुनुवाईको मौका दिनु पर्नेछ ।

(६) निरीक्षण टोली प्रमुखले टोली सदस्यबीच सामञ्जस्य कायम गरी सामुहिक ढङ्गले निरीक्षण कार्य सम्पादन गर्नु/गराउनु पर्नेछ ।

(७) निरीक्षण टोलीका सदस्यले टोली प्रमुखद्वारा सुम्पिएको निरीक्षणसम्बन्धी कार्य र जिम्मेवारी लगनशीलता तथा इमान्दारीपूर्वक सम्पन्न गर्नुपर्नेछ ।

(८) निरीक्षण टोलीको सदस्यले आफूले सम्पादन गर्ने निरीक्षण कार्यसँग सम्बन्धित विषयमा सूचक संस्थाको कर्मचारीसँग सोधपुछ गर्दा टोलीसँगको आवश्यक समन्वयमा गर्नुपर्नेछ । तर, संस्थाको उच्च व्यवस्थापनसँग छलफल गर्नुपरेमा टोली प्रमुखमार्फत् गर्नुपर्नेछ ।

(९) प्रतिवेदन तयार गर्दा प्राप्त सूचना तथा जानकारीमा गोपनीयता कायम गर्नुपर्नेछ ।

१५. निरीक्षक तथा सुपरिवेक्षकको सुरक्षाः (१) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धी कर्मचारीलाई कर्तव्य पालनाको सिलसिलामा कुनै पनि प्रकारको डर, त्रास, धाक, धम्की, लोभ, लालच, मोलाहिजाको अवस्था आइपरेमा टोली प्रमुख वा सम्बन्धित कर्मचारी स्वयम्ले महाशाखा प्रमुखसमक्ष जानकारी गराउनु पर्नेछ ।

(२) कर्मचारी सुरक्षाका लागि महाशाखाले पर्याप्त सतर्कता अपनाउनु पर्नेछ । कुनै पनि कर्मचारीलाई कर्तव्य पालनाका क्रममा व्यक्तिगतरुपमा असुरक्षित हुने अवस्था सिर्जना हुन नदिन महाशाखाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) निरीक्षण तथा सुपरिवेक्षणका क्रममा आईपर्ने कर्मचारी सुरक्षा जोखिमका सम्बन्धमा सम्बन्धित कर्मचारीबाट जानकारी प्राप्त भएपछि महाशाखाले सुरक्षाको व्यवस्थाको लागि गभर्नरको स्वीकृति लिई सुरक्षा निकायको सहयोगका लागि लेखी पठाउन सक्नेछ ।

(४) निरीक्षणका क्रममा सुरक्षासम्बन्धी जोखिम उत्पन्न हुने भएमा महाशाखाले सम्बन्धित कर्मचारीलाई सो कार्य सम्पन्न नहुँदै निरीक्षणको कार्यबाट फिर्ता बोलाउन सक्नेछ ।

(५) निरीक्षण तथा सुपरिवेक्षण कार्यमा संलग्न कर्मचारीले प्रचलित कानून वा असल मनसायले गरेको कार्यको प्रतिरक्षा बैंकले गर्नेछ तथा सोबाट उत्पन्न हुने कुनै पनि प्रकारको कानुनी दायित्व निजले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछैन ।

(६) सूचक संस्थाले पेश गरेका सूचना, तथ्याङ्क, विवरण, प्रतिवेदन तथा कागजात सही, यथार्थपरक एवम् वास्तविक नभई फरक पर्न गएमा त्यस्तो गलत सूचना सम्प्रेषणका कारण उत्पन्न हुने जोखिम प्रति निरीक्षक तथा सुपरिवेक्षक जवाफदेही हुनेछैन ।

(७) निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कर्तव्य पालनाको सिलसिलामा अन्य पक्षबाट हुने कानुनी कारवाहीको प्रतिरक्षा गभर्नरको स्वीकृतिमा बैंकले गर्नेछ ।

परिच्छेद -६
निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनसम्बन्धी व्यवस्था

१६. प्रतिवेदनको ढाँचाः निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको ढाँचा कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ । कार्यविधि तयार भई नसकेको अवस्थामा महाशाखाले तोकेबमोजिम हुनेछ ।

१७. स्थलगत निरीक्षण प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेः (१) नियमित स्थलगत निरीक्षण कार्य सम्पादन गरेपछि निरीक्षण टोलीले देहायबमोजिमका विषयवस्तु समावेश गरी स्थलगत निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ । अन्य स्थलगत निरीक्षणको हकमा महाशाखाले आवश्यकतानुसारको विषयवस्तु समावेश गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित ऐन, कानून तथा यस बैंकबाट विभिन्न समयमा जारी गरिएका निर्देशन, परिपत्र, आदेशको अनुपालनाको अवस्था,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी कार्यान्वयनमा ल्याएका नीति, कार्यविधि, मार्गदर्शन लगायत विवरण, अनुपालनाको अद्यावधिक अवस्था,

(ग) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी संस्थागत सुशासन/आचार संहिता, जोखिम व्यवस्थापन संयन्त्र, आन्तरिक नियन्त्रण प्रणाली,

(घ) वित्तीय जानकारी इकाईबाट जारी भएको मार्गदर्शन अनुसार शंकास्पद कारोबार/ शंकास्पद गतिविधिको समेत पहिचान गर्ने र रिपोर्टिङ्ग प्रणालीको अवस्था,

(ङ) महाशाखाले तोकेको एवम् निरीक्षण टोलीले आवश्यक ठानेका अन्य विषयवस्तु,

(२) निरीक्षणको क्रममा देखिएका विषयवस्तु तथा कैफियतलाई समेटेर निरीक्षण प्रतिवेदनको मस्यौदा तयार गरी टोली प्रमुखको स्वीकृतिमा प्रारम्भिक कैफियतउपर प्रत्युत्तरको लागि सम्बन्धित सूचक संस्थामा यथाशक्य निरीक्षण अवधिको अन्तिम दिनमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित सूचक संस्थाले प्रारम्भिक कैफियत प्राप्त गरेको सात कार्यदिनभित्र प्रत्युत्तर उपलब्ध गराउनु पर्नेछ । सात कार्यदिनभित्र प्रत्युत्तर प्राप्त हुन नसकेमा महाशाखा प्रमुखको स्वीकृतिमा बढीमा ३ (तीन) कार्यदिनको समय थप गर्न सकिनेछ ।

(४) निरीक्षण टोलीले संस्थाबाट प्राप्त प्रत्युत्तरलाई समेटेर निरीक्षण प्रतिवेदनको अन्तिम मस्यौदा तयार गर्नुपर्नेछ । उप-विनियम (३) बमोजिम सूचक संस्थाको प्रत्युत्तर प्राप्त भएको पन्ध्र कार्यदिनभित्र निरीक्षण प्रतिवेदन महाशाखा प्रमुखसमक्ष पेश गर्नुपर्नेछ । विशेष परिस्थितिमा महाशाखा प्रमुखले स्थलगत निरीक्षण प्रतिवेदन महाशाखामा पेश गर्न थप समय सीमा प्रदान गर्न सक्नेछ साथै सोको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

(५) निरीक्षण प्रतिवेदनमा सम्बन्धित सूचक संस्थालाई दिनुपर्ने प्रस्तावित निर्देशनसमेत खुलाउनु पर्नेछ ।

(६) स्थलगत निरीक्षण प्रतिवेदन, सम्बन्धित संस्थाको प्रत्युत्तर र सोको आधारमा तयार भएको प्रस्तावित निर्देशन, कारवाही वा सजायसहितको टिप्पणी महाशाखा प्रमुखसमक्ष आवश्यक स्वीकृति, निर्णय वा निकासाको लागि पेश गर्नुपर्नेछ । टिप्पणीको स्वीकृत गर्ने अख्तियारी अनुसूची २ बमोजिम हुनेछ । प्रतिवेदन कार्यान्वयन समितिले अनुसूची २ को सि.नं. १ मा भएबमोजिमको विषय रहेको प्रतिवेदन स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्न गभर्नरमार्फत सिफारिस गर्नुपर्नेछ ।

(७) उप-विनियम (६) बमोजिम पेश गरिएको टिप्पणी स्वीकृत भई आएपछि सम्बन्धित सूचक संस्थामा यथाशीघ्र कार्यान्वयनको लागि पठाउनु पर्नेछ । साथै, प्रतिवेदनउपर निर्णय भई सो सम्बन्धमा चाल्नु पर्ने कदमका बारेमा आवश्यक निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्नुपर्नेछ ।

१८. <u>निरीक्षण प्रतिवेदनको अभिलेखः</u> (१) विनियम १७ को उप-विनियम (७) बमोजिम स्वीकृत प्रतिवेदन तथा टिप्पणीबमोजिम सूचक संस्थालाई आवश्यक कार्यान्वयनको लागि पत्राचार गरेपश्चात्

निरीक्षण प्रतिवेदन तथा सम्बन्धित टिप्पणीको सक्कलप्रति महाशाखाको अनुपालना तथा कार्यान्वयन इकाईमा राख्नु पर्नेछ । साथै, सो कागजातको विद्युतीय प्रति महाशाखाले तोकेबमोजिम अभिलेख गरी राख्नु पर्नेछ ।

(२) महाशाखाले देहायका कागजात कम्तीमा पाँच वर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ :

(क) स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन,

(ख) स्थलगत निरीक्षण र गैर-स्थलगत सुपरिवेक्षणबाट दिइएका निर्देशन र उक्त निर्देशनको पालनाको अवस्था,

(ग) सम्बन्धित सूचक संस्था तथा ती संस्थाका पदाधिकारीलाई कारवाही गरिएको भए सोको अद्यावधिक विवरण, र

(घ) महाशाखाले तोकेका तथा आवश्यक ठानेका अन्य विवरण ।

(३) उप-विनियम (२) मा जुनसुकै कुरा लेखिए तापनि निरीक्षण प्रतिवेदन, टिप्पणी र सोसँग सम्बन्धित अन्य महत्वपूर्ण कागजात नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ले तोकेबमोजिमको समयसम्म सुरक्षितरूपमा अभिलेख राख्नु पर्नेछ ।

(४) विशेष प्रयोजनको लागि महाशाखाका अन्य इकाई वा कर्मचारीलाई प्रतिवेदन आवश्यक भएमा प्रतिवेदनको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

(५) बैंकका अन्य विभाग/कार्यालय/महाशाखा/इकाई तथा बैंक बाहिरका निकायबाट प्रतिवेदन लिखित रुपमा माग भई आएमा गभर्नरको कार्यालय वा बैंकको स्वीकृतिमा मात्र प्रतिवेदनको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

(६) प्रतिवेदन कार्यान्वयनको क्रममा महाशाखाले सम्बन्धित सूचक संस्थाबाट प्राप्त गरेका थप कागजात आवश्यकताको आधारमा अभिलेख गरी सुरक्षित राख्नु पर्नेछ ।

(७) कागजातको अभिलेख तथा सुरक्षासम्बन्धी अन्य व्यवस्था बैंकको प्रचलित नियमबमोजिम हुनेछ ।

१९. निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयनः (१) सबै प्रकारका निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको आधारमा दिइएका निर्देशन, कारवाही वा सजाय कार्यान्वयन भए/नभएको अनुगमन गर्ने कार्य महाशाखाको अनुपालना तथा कार्यान्वयन इकाईले गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम अनुगमन गर्दा सम्बन्धित सूचक संस्थासँग माग गरेको कागजात पर्याप्त भएको/नभएको अध्ययन एवम् विश्लेषण समेत गर्नुपर्नेछ । साथै, उक्त प्रतिवेदन कार्यान्वयनको कार्य गर्ने इकाईले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकता अनुसार सम्बन्धित निरीक्षण टोली र गैर-स्थलगत सुपरिवेक्षण इकाईसँग समन्वय गर्न सक्नेछ ।

२०. कारवाही सम्बन्धी व्यवस्थाः (१) निरीक्षण वा सुपरिवेक्षणको क्रममा सूचक संस्थाले सम्बन्धित ऐन, आदेश, निर्देशन एवम् परिपत्र उल्लङ्घन गरेको पाइएमा महाशाखाबाट प्रचलित सम्पत्ति शुद्धीकरण

(मनी लाउन्डरीङ्ग) निवारण ऐन, २०६४; नेपाल राष्ट्र बैंक ऐन, २०५८; बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३; विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९; भुक्तानी तथा फर्स्यौट ऐन, २०७५; सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण नियमावली, २०८१ तथा नेपाल राष्ट्र बैंकबाट समयसमयमा जारी निर्देशनबमोजिम सजाय तथा जरिवाना लगायतका कारवाहीका लागि कार्य अघि बढाउन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम सूचक संस्था वा पदाधिकारीलाई कारवाहीको प्रक्रिया पूरा भएपश्चात् कारवाहीको विवरणको अभिलेख अनुपालना तथा कार्यान्वयन इकाईले छुट्टै राख्नु पर्नेछ ।

(३) कारवाहीसम्बन्धी अन्य विषय तथा प्रक्रिया प्रचलित कानूनमा तोकिएबमोजिम हुनेछ ।

२१. **प्रतिवेदन कार्यान्वयन समितिः** (१) निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धी महत्वपूर्ण विषयहरुमा छलफल गरी निर्णय तथा सिफारिश गर्न देहायका सदस्यहरू रहने गरी प्रतिवेदन कार्यान्वयन समिति रहनेछ :-

(क) सम्बन्धित महाशाखा हेर्ने डेपुटी गभर्नर - अध्यक्ष,

(ख) सम्बन्धित सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक - सदस्य,

(ग) कानून महाशाखा प्रमुख - सदस्य,

(घ) सम्पति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा प्रमुख - सदस्य सचिव,

(२) निरीक्षण प्रतिवेदनको सम्बन्धमा छलफल गर्नु परेमा डेपुटी गभर्नर र अन्य विभाग/महाशाखा/इकाईका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

२२. **प्रतिवेदन कार्यान्वयन समितिको बैठकमा पेश गर्ने प्रस्तावः** (१) यस विनियमावलीको विनियम २१ बमोजिम गठित प्रतिवेदन कार्यान्वयन समितिको बैठकमा देहाय बमोजिमका प्रस्ताव पेश गरिनेछ ।

(क) सूचक संस्था वा ती संस्थाका पदाधिकारीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण ऐन, २०६४; नेपाल राष्ट्र बैंक ऐन, २०५८; बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३; विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९; भुक्तानी तथा फर्स्यौट ऐन, २०७५; सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण नियमावली, २०८१ तथा नेपाल राष्ट्र बैंकबाट समयसमयमा जारी निर्देशनबमोजिमका कारवाहीसम्बन्धी विषय,

(ख) सूचक संस्थाको नियमित स्थलगत, विशेष, तथा विषयगत निरीक्षण प्रतिवेदनहरु,

(ग) गभर्नर वा डेपुटी गभर्नरले आवश्यक ठानेका विषयहरू ।

२३. **वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेः** (१) महाशाखाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्रमा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग) निवारणसम्बन्धी स्थलगत र गैर-स्थलगत सुपरिवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

महाशाखाले तयार गरेको स्थलगत र गैर-स्थलगत सुपरिवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपश्चात् सञ्चालक समितिलाई जानकारी गराउनुपर्नेछ र आवश्यकतानुसार बैंकको वेबसाइटमार्फत् प्रकाशन गर्नुपर्नेछ ।

परिच्छेद -७
विविध

२४. **गुनासो पेश गर्न सकिने**: (१) निरीक्षण वा सुपरिवेक्षणको सिलसिलामा त्यस्तो निरीक्षण वा सुपरिवेक्षण गर्ने कर्मचारीले डर, धाक देखाउने, धम्की दिने, प्रतिशोधको भावनाले कार्य गरी सम्बन्धित सूचक संस्था वा सोका पदाधिकारीलाई कुनै हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेमा प्रमाणसहित त्यस्तो कार्य विरुद्ध गभर्नर समक्ष गुनासो पेश गर्न सकिनेछ ।

(२) उप-विनियम (१) बमोजिम कुनै गुनासो पर्न आएमा गभर्नरले सो उपर छानविन गर्न लगाई राष्ट्र बैंकको कर्मचारी सेवा विनियमावलीबमोजिम आवश्यक कारवाही गर्नेछ ।

(३) उप-विनियम (१) बमोजिम गभर्नरसमक्ष पेश गरिएको गुनासो उप-विनियम (२) बमोजिम छानविन गर्दा झुट्ठा ठहरिन गएमा प्रचलित कानूनबमोजिम सम्बन्धित गुनासोकर्तालाई आवश्यक कारवाही हुनेछ ।

२५. **अन्तर्राष्ट्रिय संस्थासँग समन्वय, सम्बन्ध तथा कार्यक्रम:** महाशाखाले सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय संस्था तथा बाह्य क्षेत्रसँग सम्पर्क, समन्वय, सहकार्य, अन्तरक्रिया, गोष्ठी, सेमिनार, कार्यशाला तथा कर्मचारीको क्षमता अभिवृद्धि जस्ता कार्यक्रम आवश्यक पूर्वस्वीकृति लिई सञ्चालन गर्न र सहभागिता जनाउन सक्नेछ । साथै, महाशाखाले सूचक संस्थासँग सम्बन्धित बाह्य कारोबारको प्रकृति तथा प्रक्रियाको अध्ययन वा अवलोकनमा आवश्यक पूर्वस्वीकृति लिई सहभागिता जनाउन सक्नेछ ।

२६. **कार्यविधि बमोजिम हुने:** सूचक संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी अन्य व्यवस्था कार्यविधिबमोजिम हुनेछ ।

२७. **बाधा अड्काउ फुकाउने अधिकार:** यस विनियमावलीबमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार महाशाखा प्रमुखको सिफारिसमा गभर्नरबाट निर्देशन भएबमोजिम हुनेछ ।

२८. **खारेजी र बचाउ**: (१) नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (दोस्रो संशोधन २०८०) को विनियम ५(क) तथा सोही विनियमावलीको अनुसूचीको सि.नं. २(क) लाई खारेज गरिएको छ ।

(२) उप विनियम (१) बमोजिम खारेज गरिएको विनियम तथा अनुसूचीको सि.नं.२(क) र यस विनियमावली लागु हुनुअघि सम्पादन भएका सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित सम्पूर्ण काम कारवाही यसै विनियमावलीबमोजिम भए/गरेको मानिनेछ ।

*

अनुसूची-१

विनियमावलीको विनियम-१३ को उप-विनियम (१)(ग) सँग सम्बन्धित

मितिः.......................

श्रीमान् महाशाखा प्रमुखज्यू,
नेपाल राष्ट्र बैंक,
सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा,
बालुवाटार, काठमाण्डौं ।

विषयः जानकारी सम्बन्धमा ।

महोदय,

..........................(सूचक संस्थाको नाम उल्लेख गर्ने) को मिति................देखि .... सम्म गरिने नियमित स्थलगत निरीक्षण टोलीमा म समेत समावेश हुने योजना रहेको हुँदा उक्त संस्थामा मेरो वा मेरो एकाघर परिवारको सदस्यको एक प्रतिशत वा सोभन्दा बढी शेयर लगानी नरहेको र सो संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनमा मेरो एकाघर परिवारको वा व्यवसायको साझेदार नरहेको/अन्य..........................कारणले स्वार्थ नबाझिएको व्यहोरा सम्पत्ति शुद्धीकरण, आतंककारी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०८३ को विनियम १३ को उप विनियम (१) को खण्ड (ग) को व्यवस्था बमोजिम जानकारी गराउँदछु ।

आज्ञाकारी,

....

नामः.........................

पदः.........................

कोड नं..................

अनुसूची-२
विनियमावलीको विनियम १७ को उप-विनियम (६) सँग सम्बन्धित
सूचक संस्थाको निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी प्रतिवेदन र सोसँग सम्बन्धित टिप्पणी स्वीकृत गर्ने अख्तियारी

सि.नं.	विषय	स्वीकृत गर्ने अख्तियारी
१	सूचक संस्था वा ती संस्थाका पदाधिकारीलाई गरिने आर्थिक जरिवाना तथा अन्य कारवाही ।	सञ्चालक समिति
२	महाशाखाले तयार गरेको गैर-स्थलगत निरीक्षण प्रतिवेदन, वार्षिक प्रतिवेदन तथा अन्य अध्ययन प्रतिवेदन ।	गभर्नर
३	सूचक संस्थाको नियमित स्थलगत, विशेष वा विषयगत निरीक्षण प्रतिवेदन ।	प्रतिवेदन कार्यान्वयन समिति
४	सूचक संस्थाको विनियम ५ को खण्ड (३) को व्यवस्थाबमोजिमको अनुगमन निरीक्षण प्रतिवेदन ।	महाशाखा प्रमुख
५	सूचक संस्थाको कार्यान्वयन प्रतिवेदन ।	महाशाखा प्रमुख